म.जि. प्र. का. द.नं. : ७०६/०६८, वर्ष ११, अंक २९७ आइतबार २२ जेठ २०७९ ने. सं. ११४२ तछलाथ्व 5 Jun, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

संयुक्त मधेसी सेवा समाजको कार्यालय उद्घाटन

हेटौंडा, २१ जेठ/ संयुक्त मधेसी सेवा समाज नेपालको कार्यालय हेटौंडा-१० उद्घाटन गरिएको छ ।

शुक्रबार मकवानपुर जिल्लामा छरिएर रहेका मधेसी समुदायलाई एकताबद्ध गराई समुदायको सामाजिक एवम् बैधानिक हकहितको प्रवर्द्धन गर्ने उदेश्यले स्थापित संस्था नयाँ कार्यालयको उद्घाटन गरिएको हो । हेटौंडा उपमहानगरपालिकाको मेयर मीनाकुमारी लामा र उपमेयर राजेश बानियाँले संयुक्त रुपमा कार्यालयको उद्घाटन गरेका थिए । उनीहरुले मधेसी समुदायसँग सम्बन्धित पहिरन र अन्य सामाग्री राखिएको वस्तुहरुको अनावरण गर्दै कार्यालयको उद्घाटन गरेका थिए । समाजका अध्यक्ष सुशील प्रसाद सेनुरिया बनियाको अध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा बोल्दै मेयर र उपमेयरले सम्पूर्ण समुदायलाई साथमा लिएर विकासको पथमा बढ्न आवश्यक रहेको भन्दै मधेसी समुदायलाई पनि हरसम्भव सहयोग गर्ने प्रतिवद्वता जनाए ।

१० अर्ब बढाएर बजेट ल्याउँदै बागमती सरकार

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ बागमती प्रदेश सरकार आगामी आर्थिक वर्ष २०७९/०८० का लागि बजेट ल्याउने तयारीमा जुटेको छ । १ असारमा प्रदेश सरकारले आगामी आवका लागि नयाँ बजेट प्रदेशसभामा प्रस्तुत गर्दैछ ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि १० अर्ब बढाएर बजेट ल्याउने तयारी गरेको छ । चालू आवमा बागमतीले ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार रुपैयाँको बजेट ल्याएको थियो । बागमतीका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको भनाइअनुसार अब १० अर्ब बढी बजेट आउँदैछ ।

पाण्डेले आगामी आर्थिक वर्षमा प्रदेश सरकारको बजेट १० अर्ब बढ्न सक्ने बताएका हुन् । हेटौंडामा भएको उद्योग वाणिज्य संघ बागमती प्रदेशको पाचौं प्रदेशसभालाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले बजेट बढ्ने संकेत दिएका हुन् ।

पाण्डेले संकेत गरेअनुसार प्रदेश सरकारले आगामी आवमा बजेटको आकार १० अर्ब बढाए ६७ अर्बको हाराहारीको हुनेछ । प्रदेशमा साढे ३ वर्ष एमाले नेतृत्वको सरकार बहिर्गमनसँगै हाल गठबन्धन सरकार छ ।

नेकपा (एकीकृत समाजवादी) नेतृत्वको सरकारले आगामी आवका लागि ल्याउने बजेटप्रति सबैको चासो छ । तत्कालीन एमाले सरकारले ल्याएको बजेट खर्च निराशाजनक छ । चालू आवको १० महिनामा बागमती सरकारले ३५ प्रतिशतमात्रै खर्च गर्न सकेको हो । ११ कार्तिकमा मुख्यमन्त्री सम्हालेका पाण्डेले ७ महिना लामो कार्यकालमा पनि बजेट खर्च गर्न सकेका छैनन् । उनले प्रदेशसभामा जवाफ दिने क्रममा कर्मचारी अभावलगायतका समस्या देखाएर बजेट खर्च गर्न नसकिएको बताएका थिए ।

बजेट खर्चमा समेत कमजोर देखिएको गठबन्धन सरकारले १० अर्ब बढी बजेट ल्याउन लागेको हो । बागमतीको बितेका सबै आवमा बजेट खर्च निराशाजनक छ । चालू आवमा पनि एमाले सरकारले गत आव ०७७/०७८ मा भन्दा ६ अर्ब बढाएर बजेट ल्याएको थियो । कुल विनियोजित बजेटमध्ये चालुतर्फ २६ अर्ब १ करोड ६६ लाख २३ हजार अर्थात् ४५ प्रतिशत र पूँजीगततर्फ २९ अर्ब ७० करोड ४३ लाख ४ हजार ५१ प्रतिशत बजेट ल्याइएको थियो ।

गठबन्धन सरकारमा मन्त्रालय संख्या दोब्बर भएकाले पनि बजेटको आकार बढ्ने सम्भावना बढेको हो । चालू आवको बजेट ल्याउँदा ७ वटा मन्त्रालय रहेको बागमतीमा हाल १४ वटा मन्त्रालय छ । बागमती सरकारले आगामी आवका लागि नीति तथा कार्यक्रम ल्याइसकेको छ ।

१९ जेठमा बसेको प्रदेशसभा बैठकले नीति तथा कार्यक्रम बहुमतले पारित गरेको हो । नीति तथा कार्यक्रममाथि दुई दिन सांसद्हरुले आ-आफ्नो धारणा राखेका थिए । प्रदेशसभाको प्रतिपक्षी दल नेकपा एमाले, विवेकशील साझा र नेपाल मजदुर किसान पार्टीका ९ जना सांसद्ले सरकारको नीति तथा कार्यक्रम संशोधन गर्नुपर्ने माग गरेका थिए । नीति तथा कार्यक्रमको १५ वटा बुँदामा संशोधन प्रस्ताव दर्ता भएपनि उक्त प्रस्ताव सदनबाट बहुमतले अस्वीकृत भएको थियो ।

यसकारण नीति तथा कार्यक्रमअनुसार नै बजेट ल्याउने तयारी सरकारको छ । नीति तथा कार्यक्रममा एकसय ६६ वटा बुँदामा विभिन्न कार्यक्रमहरु समावेश गरिएको छ । मुख्यमन्त्री पाण्डेले समाजवादी कार्यक्रम वडा तहबाटै सुरु गर्ने गरी बजेट ल्याउने तयारी भइरहेको बताए ।

प्रदेश सरकारले कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिएर बजेट ल्याउने तयारी गरेको छ । प्रदेशभित्रका माध्यमिक तहका विद्यालयहरुमा एक विद्यालय, एक नर्स कार्यक्रमलाई निरन्तरता दिने पनि जनाएको छ । त्यस्तै, उच्च शिक्षा पढ्नका लागि छोरी-बुहारीलाई छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिने भएको छ भने प्रदेशस्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्ने र रंगशाला निर्माण गर्ने योजना अघि बढाएको कार्यक्रममा उल्लेख छ । पशु बिमालाई प्रभावकारी बनाउने र संघ तथा स्थानीय तहको समन्वयमा एक वडा, एक पशु सेवा कार्यालयको स्थापना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

सरकारले प्रदेशभित्रका बाल विकास केन्द्रलाई स्थानीय तहसँगको सहकार्यमा नमूना केन्द्रको रुपमा स्तरोन्नति गर्ने, दलित, अपाङ, सीमान्तकृत एवम् विपन्न विद्यार्थीलाई विद्यालय शिक्षामा पहुँच बृद्धि गर्ने, विद्यालयको भौतिक सुधार गरी आधुनिक पाठ्य सामग्री तयार पारी प्रत्येक जिल्लाको कम्तिमा एक विद्यालयमा नमूना बाल बिकास केन्द्र सञ्चालन गरिने जनाइएको छ । विद्यालयहरुको भौतिक विकास गर्नुका साथै नमूना विद्यालयमा विकास गुरुयोजना कार्यान्वयन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

प्रदेशमा रहेको सीमान्तकृत चेपाङ समुदायको आर्थिक सामाजिक रुपान्तरणका लागि मकवानपुर, धादिङ र चितवनको चेपाङ जाति बसोबास क्षेत्रलाई चेपाङ विशेष संरक्षित क्षेत्र बनाउने, प्रदेश खेलकुद विकास र विस्तारका लागि प्रदेश खेलकुद परिषद् र स्थानीय तहसँगको सहकार्य र साझेदारीमा प्रदेशस्तरीय रंगशाला, खेल पूर्वाधारहरूको निर्माण र संरक्षण गर्ने, प्रदेशस्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्ने, एक स्थानीय तह एक खेल मैदान बनाउने र यौनजन्य दुर्व्यवहार, बाल-विवाह, मानव बेचबिखन र विद्युतीय अपराध बिरुद्ध सचेतना जगाउन 'हाम्रो ध्यान, युवा सचेतना अभियान' सञ्चालन गर्ने नीति लिने भएको छ ।

तीनजनालाई रोटरीको भोकेस्नल एक्सिलेन्स अवार्ड

हेटौंडा, २१ जेठ/ रोटरी क्लब अफ हेटौंडाले तीन जनालाई भोकेस्नल एक्सिलेन्स अवार्ड प्रदान गरेको छ । शनिबार हेटौंडामा एक कार्यक्रमको आयोजना गर्दै क्लबले मकवानपुरमा जन्मिएर विभिन्न पेशामा संलग्न रहेका व्यक्तिहरुलाई अवार्ड प्रदान गरेको हो । भोकेस्नल एक्सिलेन्स अवार्ड २०२० बाट मकवानपुरका न्युरो सर्जन डा. गोपालरमण शर्मा, २०२१ बाट एसियाकै पहिलो महिला फिफा रेफ्री कल्पना शर्मा र २०२२ बाट मुटुरोग विशेषज्ञ प्रा.डा प्रेमराज वैद्यलाई अवार्ड प्रदान गरिएको गरिएको हो ।

डा. वैद्य हेटौंडाका पहिलो मुटुरोग विशेषज्ञ हुन् । शर्मा, लामा र बैद्यलाई अवार्डसँगै नगद २५/२५ हजार रुपैयाँ राशीबाट सम्मानित गरिएको छ । बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको प्रमुख आतिथ्यतामा तथा रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष रामप्रसाद शर्माको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा मुख्यमन्त्री पाण्डेले हेटौंडामा किड्नी प्लान्ट सेवा सुरु गरी नेपालको हवको रुपमा हेटौंडालाई विकास गरिने बताएकाथिए । मुख्यमन्त्री पाण्डेले बागमती प्रदेशमा स्वास्थ्य सेवालाई उत्कृष्ट बनाउने गरी आफूहरु काम गर्न लागिपरेको भन्दै सहयोग गर्न आग्रह गरे ।

कर्मचारी आवश्यकता

यस एभोकाडो तथा अर्किड रिसोर्ट प्रालिलाई केही कर्मचारीहरु आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

अनुभवीलाई विशेष ग्राहयता दिईनेछ

क्र.सं.	पद	संख्या
१.	हाउस किपिङ म्यानेजर	१
२.	हाउस किपिङ सुपरभाइजर	१
३.	सहायक लेखापाल	१
४.	क्यासियर	२
५.	वेल ब्वाई	१
६.	रिसेप्सनिष्ट	२

एभोकाडो एण्ड अर्किड रिसोर्ट प्रा.लि.
सम्पर्क: ०५७-५२०३३५, ०५७-५२०४२९
orchid.hetauda@gmail.com

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ

YADEA e-SCOOTERS

Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- व्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६५०४६०

स्थानीय तह सहीद स्मृति गोल्डकप
अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता
चौथो संस्करण-२०७९ मकवानपुर

सहभागी टिमहरु: मनाङमर्स्याङ्दी क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, फ्रेण्ड्स् क्लब, खुमलटार युथ क्लब, नव जनजागृती क्लब सिमरा, बागमती युवा क्लब सर्लाही, विजय युथ क्लब हेटौंडा, बीएफसी चितवन, एभिनियर एफसी क्यामरुन र चर्चब्वाइज क्लब

२०७९ जेठ १९ देखि २८ गतेसम्म

स्थान : पिप्ले क्याम्पा रंगशाला खेल समय : दिउँसो ३ बजे,

मुख्य प्रायोजक :
हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, बागमती गाउँपालिका, बकैया गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, इन्द्रसरोबर गाउँपालिका, राक्सिराङ गाउँपालिका, भीमफेदी गाउँपालिका, कैलाश गाउँपालिका, मनहरी गाउँपालिका र जिल्ला समन्वय समिति मकवानपुर

विशेष सहयोगी :
प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश, हेटौंडा
पुरन बहाद्दुर जोशी हेटौंडा स्कुल अफम्यानेजमेन्ट

आयोजक
मकवानपुर जिल्ला फुटबल संघ हेटौंडा

साझाकुरा

हाम्रो कुरा

ट्राफिक व्यवस्थापन आवश्यक

मुलुकभर वर्षेनि सडक यातायातका साधनको संख्या तीव्ररुपमा बढिरहेको छ । अन्य वैकल्पिक यातायातको साधन नभएका कारण सडक यातायातका साधन बढ्दै जाँदा सडक तथा बजार भने साँघुरा बन्दै गएका छन् । बढ्दो यातायात साधनको चापका कारण शहर बजारमा देखिएको ट्राफिक समस्याबाट हेटौंडा पनि मुक्त हुन सकेको छैन । अझ आर्थिक वर्षको अन्त्यतिर हुने गरेको विभिन्न सडकहरु विस्तार, मर्मत तथा फुटपाथ निर्माण कार्यले गर्दा बजारको मुख्य सडकमा ठूला-साना सवारीको चाप अत्यधिक देखिएको छ । बाइपास सडकबाट राजमार्गमा गुड्ने केही ठूला सवारी सञ्चालन हुने भएपनि हेटौंडाको मुख्य बजार क्षेत्रका सडकमा गुड्ने सवारी साधनको संख्यामा व्यापक वृद्धि भएको छ । यसले सडकमा जामको समस्या निम्त्याएको छ ।

सवारी साधनमा भएको वृद्धिअनुरुप मुख्य बजार क्षेत्रका सडक विस्तार र स्तरीकरण नहुँदा सडकमा सवारी साधनको चाप थेग्न नसक्ने अवस्थामा पुगेको छ । हेटौंडा बजार क्षेत्रका बढी सवारी आवतजावत गर्ने हरिकुञ्जरोड, स्कूलरोड, नगरपालिकारोड, देवीपथ र पारिजातपथमा सडक विस्तार, फुटपाथ निर्माण तथा मर्मतका काम सकिएको छ । पछिल्लो समय बजार क्षेत्रमा व्यापकरुपमा वृद्धि भएको ईरिक्सा र ट्याम्पोजस्ता तीनपाङ्ग्रे सवारी साधनको बढ्दो चापले बजार क्षेत्रको ट्राफिक व्यवस्थापनमा समस्या देखिएको छ । हेटौंडा बजारको मेनरोड, राप्तीरोड, टीसीएनरोड, कान्तिलोकपथ, पारिजातपथ, हरिकुञ्जरोड, स्कूलरोडलगायत क्षेत्रमा साना-ठूला सवारी साधनको कारण निकै भिडभाड बढेको छ । अझ कतिपय सडक तथा चोकमा जथाभावी पार्किङका कारण पैदल यात्रु तथा अन्य सवारी चालकलाई समस्या भइरहेको छ । सवारी साधनको अत्यधिक संख्याले ट्राफिक जाम र दुर्घटनाको जोखिम बढाइरहेको छ । ईरिक्सा, ट्याम्पो, म्याजिक, ट्याक्सीलगायत शहरी यातायातका साधन, जिल्लाभित्रका ग्रामीण भेगमा सञ्चालन हुने सार्वजनिक यातायात र काठमाडौं जाने टाटा सुमोका लागि हेटौंडा बजार क्षेत्रमा पर्याप्त र व्यवस्थित पार्किङ्स्थलको अभाव टड्कारो बनिरहेको छ ।

हेटौंडा बजार क्षेत्रमा सञ्चालन हुने सवारी साधनको व्यवस्थापनमा ट्राफिक प्रहरी, उपमहानगरपालिका, यातायात व्यवस्था कार्यालय, यातायात व्यवसायीका संघसंस्था, यातायात व्यवसायी, सवारी चालक, तथा यात्रु सबैले आ-आफ्ना कर्तव्य निर्वाह गर्नु आवश्यक छ । बजार क्षेत्रमा सञ्चालन हुने साना सवारी साधन व्यापकरुपमा बढ्दा हेटौंडा बजारको बाटो साँघुरो हुँदै गएका छन् । हेटौंडा बजारमा व्यवस्थित पार्किङको व्यवस्था नहुँदा सडक तथा चोकमा नै सवारी रोक्ने, यात्रु चढाउने र ओराल्ने प्रचलनले बजारलाई अस्तव्यस्त बनाउनुका साथै दुर्घटनाको जोखिम बढाएको छ । सबै सरोकारवालाको सहभागितामा प्रभावकारी नीति र त्यसको कार्यान्वयन आवश्यक छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३१९
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२६५८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ २३ गते सोमबार ६ जुन २०२२ । जेष्ट शुक्लपक्ष सप्तमी । तछुलाथ्व सप्तमी ११४२ । सुर्योदय: ५:१०, सुर्यास्त: ६:५६ मा हुनेछ । कुमार यात्रा ।

आजको राशिफल

मेष	: आत्मविश्वास बढ्नेछ	तुला	: विवाद पर्न सक्नेछ
वृष	: आफन्तको सहयोग मिल्नेछ	वृश्चिक	: दाम्पत्य सुख मिल्नेछ
मिथुन	: मान, प्रतिष्ठा बढ्नेछ	धनु	: रमाइलो यात्रा हुनेछ
कर्कट	: कार्यमा सफलता मिल्नेछ	मकर	: धन कमाउने योग परेको छ
सिंह	: सहमतिका कार्यहरु हुनेछन्	कुम्भ	: पश्चात्ताप लाग्नेछ
कन्या	: नयाँ कार्य सम्पन्न हुनेछ	मीन	: शारीरिक आलस्यता बढ्नेछ

सौर्य ऊर्जामा ऊर्जामन्त्रीको बक्रदृष्टि

✍ विकास थापा

नेपालमा पनि सौर्य ऊर्जा जंगलको इको सिष्टमजस्तै हो । बाढी पहिरो आएर जलविद्युत् प्रसारण लाइन अवरुद्ध भएका बेला सौर्य ऊर्जाको बिजुली अमृत समान हुन्छ । पहाडी भूभाग, मौसम परिवर्तनको चपेटमा परेको मुलुक, लम्बेतान वितरण लाइन भएको नेपालमा सौर्य ऊर्जा वैकल्पिक मात्र होइन आधारभूत ऊर्जा हो ।

शेरबहादुर देउवा सर्वोच्च अदालतको परमादेशबाट देशको प्रधानमन्त्रीमा बिराजमान भएको एक वर्ष पुग्न आजको दिनदेखि ३९ बाँकी छ । देउवासँगै ऊर्जा मन्त्रीमा नियुक्त भएकी पम्फा भुसालले पदभार 'ग्रहण' गरेदेखि आजका मितिसम्म ऊर्जा क्षेत्रमा सम्भनलायक एउटा पनि काम गरिनन् वा गर्न सकिनन् । नेपालका मन्त्री तथा ब्यूरोक्रेसीले बनाउन नसके पनि बिगार्न भने सक्छ । जसरी भारतीय दूतावासका प्रथम सचिवले दुई देशका विभिन्न मुद्दामा निकास दिन नसके पनि बिगार्न भने सक्छ । त्यसैगरी ऊर्जा मन्त्रीले देशको हित, यो क्षेत्रको उन्नतिका लागि केही गर्न नसके पनि यो क्षेत्रलाई ओराहोतर्फ धकेल्ने काम भने राम्रैसँग गरिन् ।

ऊर्जामन्त्रीको प्रथम अधोगतिजन्य कार्य रहयो जलविद्युत् उत्पादन तथा सर्वेक्षण अनुमति पत्र जारीमा अंकुश । भुसालले मन्त्रीको कार्यभार सम्हालेदेखि मुलुकमा 'जगेडा बिजुली' थियो । त्यो बिजुली खेर गइरहेको थियो । 'साउनमा आँखा फुटेको गोरुले सधैं हरियो देख्छ' भनेजस्तै मन्त्री भुसालको बुझाइ थियो, 'अबदेखि लाइसेन्स जारी गरियो भने, विद्युत् खरिद सम्झौता (पीपीए) गरियो भने उत्पादित ऊर्जा खेर जान्छ ।' यही बुझाइका साथ उनले जलविद्युत्का लाइसेन्स (उत्पादन र सर्वेक्षण) जारी नगर्न अनौपचारिक फरमान जारी गरिन् । यो फरमान विद्युत् ऐन, २०४९ विपरीत थियो ।

'यो ऐनविपरीत छ हजुर' भन्ने आँट तत्कालीन ऊर्जा सचिवले भन्न सकेनन् । केपी ओलीलाई प्रतिगामी भन्ने ऊर्जा मन्त्रीको काम आफैमा प्रतिगामी थियो । देश वा क्षेत्रले त छलाङ पो मार्ने हो त । ऊर्जा खपत नभए यही र यसरी खपत हुन्छ भनेर देशलाई अघि बढाउन सकिन्थ्यो । कसरी खपत गराउने भन्ने आफ्नो बुद्धि नभए स्वदेशी वा विदेशी बुद्धि आयात गर्न सकिन्थ्यो । दाल, चामल र कपडा आयात गरेर खान र लाउन हुन्छ भने बुद्धि आयात गर्न हुँदैन ? त्यसमाथि स्वदेशमै एक से एक विद्वान्हरु छन्, जसलाई नेपाल सरकारले चिन्दैन, तर विश्व बैंक, एडीबी, आइएमएफजस्ता संस्थाहरुले चिनेर काम लगाउँदै आएको छ ।

विद्युत् खपत हुँदैन भन्ने नकारात्मक मानसिकतायुक्त ऊर्जा मन्त्रीको गलत नियतको पहिलो मार पर्यो- सौर्य ऊर्जामा । सौर्य ऊर्जामा मुलुक अलिअलि गर्दै बामे सर्दै थियो । नयाँ-नयाँ प्रविधि आउँदैथ्यो । राज्यको अठोट थियो– सौर्य ऊर्जा लगाऊ, प्रतियुनिट ९ रुपैयाँ ९४ पैसा दिन्छु । राज्यको त्यो नीतिका कारण धेरै लगानीकर्ताले सौर्यमा चासो देखाए । कुनै पनि प्रतिफल प्राप्त हुने क्षेत्रमा निजी क्षेत्र आकर्षित हुन्छ । नत्र हुँदैन ।

'लौ नेपालीहरुले गरिखान लागे' भन्दै रीस र डाहले भरिएका नीति-निर्माताहरुले सौर्य ऊर्जाको पीपीए दर प्रतियुनिट ८ रुपैयाँ ४० पैसामा सीमित पारे । त्यो पनि जसोतसो ठीकै छ भनेर निजी क्षेत्र पछाडि हटेनन् । जलविद्युत्मा विदेशी लगानी भित्र्याई कमीसन खान पल्केकाहरुले नेपाली माटोमा लाग्ने घाम (सौर्य) ऊर्जालाई फेरि पनि देखिसहेनन् । अब त प्रतियुनिट ७ रुपैयाँ ४० पैसा गर्ने भए आऊ भनियो ।

सौर्य ऊर्जामा प्रतियुनिट ९ रुपैयाँ ९४ पैसाको दर देखेर यो क्षेत्रमा लगानी गर्न तम्सेकाहरु खास लगानी गर्ने स्थितिमा आइपुग्दा प्रतियुनिट ७ रुपैयाँ ४० पैसामा झरिसकेका थिए । आई नै हालियो त, अब फर्कने कुरा भएन भन्दै पुनः लगानीकर्ताहरुले प्रतियुनिट ७ रुपैयाँ ४० पैसा स्वीकार गरे । अब त योभन्दा बढी झर्दैन होला भन्ने सोचेर । पीपीए दर ओपेक राष्ट्रले तोक्ने कच्चा तेलको मूल्यजस्तो अस्थिर हुँदै गयो । तैपनि राज्यमाथि भरोसा राखेर र विश्वास लिएर लगानी गर्दै गए । ७ रुपैयाँ ४० पैसामा त स्थिरता होला भनेर २३ वटा आयोजनाले १६३ मेगावाटको सौर्य ऊर्जा उत्पादनका लागि भुसाल आउनुअघि नै निवेदन दिएर बसेका थिए ।

देशको ऊर्जामन्त्रीको हैसियतमा भुसालको प्रथम क्षेप्यास्त्र नै सौर्य ऊर्जामाथि पऱ्यो । ७ रुपैयाँ ४० पैसालाई स्वीकार गरेर त्यसअनुसार जग्गा खरिद वा लिजमा लिने, सोलार प्यानल लगाउने, बैंकमा वित्तीय बन्दोबस्ती गर्ने लगायतका सबै प्रक्रिया पूरा गरिसकेपछि एकाएक पीपीए नगर्ने स्थितिमा मन्त्रालय पुग्नु भनेको धोका दिनु हो । मानौं ऊर्जा मन्त्री नै 'माइका बाप' हुन् ।

सिद्धान्त, नीति, रणनीति, सरकारको नीति तथा कार्ययोजना, वार्षिक बजेट, आवधिक योजना, विद्युत् प्राधिकरणको ऊर्जा सम्मिश्रण रणनीति आदिलाई ऊर्जा मन्त्री भुसालले हावा खुवाइन् । र, एकाएक सौर्य ऊर्जामा प्रतिस्पर्धा गर्ने निर्णय गरिन् । मुलकको ऊर्जा के हो ? ऊर्जाभित्रको विश्व प्रविधि र राजनीति के हो ? ऊर्जा विकासका लागि गर्नुपर्ने के हो ? ऊर्जा समिश्रण के हो भन्ने नै नबुझेका सञ्चालक समितिका सदस्यलाई संयोजक बनाएर हावाको भरमा प्रतियुनिट ५ रुपैयाँ ९४ पैसा तोक्नु नै ऊर्जा क्षेत्रको प्रतिगमन हो ।

आर्थिक वर्षको मध्यतिर (गत माघ) मा गरिएको यो निर्णय त्यस्तो बेला गरियो, जतिबेला विद्युत् नियमन आयोगलाई ऊर्जा मन्त्री भुसालले मृतप्रायः तुल्याएकी थिइन् । अर्थात् आयोगका सबै पदाधिकारीहरुलाई अयोग्यको बिल्ला भिराई निष्कासन गर्न निलम्बन गरी आयोगलाई 'विघटन' गरेकी थिइन् । विघटन किन भने सम्पूर्ण पदाधिकारी निलम्बनमा थिए, आयोगको ऐनअनुसार पदाधिकारीविहीन आयोगले केही काम गर्न सक्दैन ।

त्यसमाथि एउटा स्वायत्त निकाय विद्युत् नियमन आयोगलाई मन्त्री भुसालले सधैं आफ्नो निर्देशन पालन गर्ने निकायको रुपमा मात्र हेरिन् । आयोगको कर्मचारी दरबन्दी अझै स्वीकृत गरेकी छैनन् । जनशक्तिबिना आयोगले कसरी काम गर्छ ? जनशक्ति नदिनु भनेको आयोगलाई काम गर्न नदिएको होइन र ? २० युनिटसम्म खपत गर्ने ऊर्जामरुवीको निर्णयलाई आयोगले तत्काल सदर गरेर अफ्नो सदाशयता प्रकट गरे पनि आयोगका पदाधिकारी निलम्बनमा परी छाडे ।

मन्त्रीले प्रतिस्पर्धाको निर्णय गराउँदा २३ वटा आयोजनाका (१६२ मेगावाट) भविष्य अन्धकारमा धकेलिएको थियो । कुनै पनि खेल सुरु भइसकेपछि बीचमा आएर खेलको नियम परिवर्तन गर्न पाइँदैन । त्यही ७.४० रुपैयाँको दर भए पनि गरौं न त भनेर उद्देश्यले निजी क्षेत्र सौर्यमा आएको थियो । पीपीएको अवस्थासम्म आइपुग्दा लाखौं, करोडौं रुपैयाँ खर्च भइसकेको हुन्छ ।

जब ग्रीड कनेक्सन एग्रिमेन्ट गरेर पीपीएको लागि पालो पर्खेर बसेको अवस्थामा एकाएक प्रतिस्पर्धा गराउँछु भन्नु आफैमा अपराधपूर्ण कार्य थियो, धोका थियो । पहिले नै ५.९४ पैसा प्रतियुनिट भनेको भए निजी क्षेत्रले यसरी करोडौं रुपैयाँ डुबाउँदैन थिए होला । यहाँ प्राधिकरणले खरिद गर्न सौर्य ऊर्जामा अर्बौं रुपैयाँ जोगाइयो भन्ने सोच राख्नेले प्राधिकरणलाई जलविद्युत्माअर्बौं रुपैयाँ लुट्ने हेजिङको विरोध किन नगरेको ? हेजिङका नाममा प्राधिकरणलाई त्यसको शुल्कबापत अर्बौं रुपैयाँ तिर्ने गरी अर्थमन्त्री जनार्दन शर्माले नियमावली ल्याउँदा ऊर्जामन्त्रीको मौनता केका लागि ?

विद्युत् नियमन आयोग ऐन आइसकेपछि पनि ऊर्जा मन्त्री (प्राधिकरण अध्यक्ष) लाई पुरानो शक्तिको धड्धड्डी अझै छ । प्राधिकरणले निर्णय गरेपछि त्यो नै अन्तिम हुन्छ भनेजस्तै गरी सौर्य ऊर्जामा यो यो गरेम्, लौ त्यसलाई फत्ते गर भनेर फर मान जारी गरेजस्तो गरी आयोगमा पुऱ्याइयो । अब आयोगका पदाधिकारी सर्वोच्चको अन्तरकालीन आदेशद्वारा पुनःबहाली त भए, तर दाह्रा निकालेको बाघजस्ता ।

हिजो पदमा हुँदा पनि मन्त्री वा त्योभन्दा माथिल्लो निकायको निर्देशन पर्खने, इशारा दिए गर्ने, नत्र थन्क्याउने गर्दै आएको आयोग ऐनको मर्मअनुसार अझै पनि चल्न सकेको छैन । आयोग आफैमा अर्धन्यायिक निकाय हो । ऐनअनुसार आयोगको अनुमति बिना प्राधिकरण त के स्वयं ऊर्जा मन्त्रालय फिटिक्क चल्न सक्दैन । तर माल पाएर पनि चाल नपाएको भनेझैं सधैं आदेश पर्खने र अफ्नो विवेकले काम नगर्ने पदाधिकारीहरुका कारण आयोग निकम्मा हुन पुगेको हो ।

गत माघ १० गते प्राधिकरणले गरेको निर्णय (सौर्य ऊर्जाको पीपीएसम्बन्धी) कार्यान्वयन गर्न आयोग समक्ष आइपुगेको छ । प्राधिकरणले निर्णय गर्दा आयोग पदाधिकारीविहीन थियो । पछि आयो । विद्युत् नियमन आयोग ऐन लागू भइसकेपछि कानुनतः महसुल दर निर्धारण गर्ने निकाय प्राधिकरण रहेन । प्रस्तावसम्म गर्न सक्छ । गर्योरु । तर आफूसँग त्यस्तो अधिकार नभए पनि हामीले गरेपछि नहुने कुरै छैन भन्ने सोचमा प्राधिकरण अद्यापि छ । कुन उत्पादकको मूल्य कति भन्ने तोक्ने अधिकार प्राधिकरणलाई छैन ।

प्राधिकरणले नियमन आयोगको अधिकार प्रयोग गर्न पाउँदैन । उत्पादकको मूल्य तोक्ने काम आयोगको हो । आयोगले गर्नुपर्ने काम प्राधिकरणले गऱ्यो । यो त 'राजा ज्ञानेन्द्रले अझै पनि म नै राजा हुँ' भनेजस्तै भयो ।

हिजो पो प्राधिकरणले मूल्य तोक्थ्यो मात्र, लागू गराउन त महसुल निर्धारण आयोगमै जानुपर्थ्यो । त्यसमाथि अहिले त ऐन नै जारी छ । त्यसकारणले उत्पादकको मूल्य तोक्ने (सौर्य ऊर्जाको प्रतियुनिट ५.९४ रुपैयाँ) प्राधिकरणको यो कृत्य आफैमा गैरकानुनी छ । अधिकारप्राप्त अधिकारी वा निकायले कानुनले गर्नु भनेका बाहेक अरु गर्न पाउँदैन । नागरिकले चाहिं कानुनले नगर्नु भनेकाबाहेक सबै गर्न पाउँछ । यहाँ त प्राधिकरणले कानुनले नगर्नु भनेको कामै गरिदियो । विधिको शासन भनेको यही हो ? प्राधिकरण महसुलबारे कुनै पनि निर्णय गऱ्यो भने त्यो एउटा फगत प्रस्ताव मात्र हो ।

प्राधिकरणले सौर्य ऊर्जाको पीपीए दर प्रतियुनिट ५.९४ रुपैयाँको औचित्य पुष्टि गर्न सकेको छैन । विदेशमा सौर्य ऊर्जा प्रविधि सस्तो भएकाले यहाँ पनि सस्तो गर्नुपर्ने तर्कमा दम छैन । कतारमा एक लिटर तेलको मूल्य र नेपालमा एक लिटर तेलको मूल्य समान नभएझैं विकसित देशले अन्वेषण गरेका सौर्य ऊर्जा र यहाँसम्म ल्याइ पुऱ्याउँदाको लागत एक देख्नु उही साउनमा आँखा फुटेको गोरुको कथा जस्तै हो । यहाँको भौगोलिक जटिलता, भन्सार नीति, ज्याला, बैंक ब्याजदर धेरै कुराले लागतमा प्रभाव पार्छ । यसलाई नजर अन्दाज गरियो । सौर्य ऊर्जाको पीपीए दर कति राखियो भने उचित हुन्छ भन्ने कुरामा प्राधिकरण वा त्यो समितिका पदाधिकारीले कहिल्यै छलफल चलाए ? विज्ञहरुको परामर्श लिए ? सार्वजनिक सुनुवाई गरे ?

अर्को कुरा, विश्व सापेक्ष मूल्य तय गर्ने उद्देश्य थिए । उद्देश्य थियो- पीपीए रोक्नु । रोक्नुको कारण थियो त ऊर्जा मन्त्री वा उनको पार्टीको आर्थिक स्वार्थ पूरा नहुनु र प्रवर्धकहरु ती स्वार्थ पूरा गर्न र गराउन उत्प्रेरित नहुनु । नत्र एउटा प्रणाली र प्रक्रियामा हिंडिरहेको कुरालाई बीच बाटोमा आइसकेपछि 'तँ पछि हट्' भन्न पनि अलिकति लाज चाहिं लाग्नु पर्ने हो । जे गरिदिए पनि हुन्छ, जसो गरे पनि हुन्छ भन्ने सर्वसत्तावादी चरित्रका कारण आज सौर्य ऊर्जाको भविष्य अन्यौलमा परेको छ ।

हो, समय गतिशील छ, सधैं एउटै पीपीए दर नहोला । तर खेलको रिडभिन्न छिरिसकेपछि उनीहरुलाई खेल्न दिनुपर्थ्यो । नयाँ आउने खेलाडीलाई अग्रिम जानकारी दिएर पीपीए दर यति हुने भन्न सकिन्थ्यो । आए भने तोकिएको दर उचित थियो भन्ने बुझिन्थ्यो । आएनन् भने थोरै रहेछ यसलाई संशोधन गर्नुपर्ने रहेछ भन्ने बुझिन्थ्यो ।

जलविद्युत् मात्र मुलुकलाई चाहिएको थियो भने सौर्य ऊर्जासम्बन्धी नीति किन ल्याएको ? हरेक ऊर्जा संकट कार्ययोजनामा सौर्य ऊर्जालाई किन प्राथमिकतामा राखेको ? हिजो लोडसेडिङका बेला तत्काल जडान गर्न सकिने भने सौर्य ऊर्जालाई ल्याइयो । लोडसेडिङ सकिएपछि (वर्षायाममा मात्र, हिउँदमा त आयात गरेर हटाइएको) सौर्य चाहिँदैन भनिदिएको भए कोही पनि आउँदैनथ्यो । 'आओ' भनेर बोलाउने अनि आइसकेपछि 'तँ नआइज' भन्ने ? के यही हो नैतिकता ? यही हो विधिको शासन ?

कुनै निर्दिष्ट आर्थिक स्वार्थ पूरा नभएका कारण सौर्य ऊर्जा क्षेत्रलाई नै कन्याकुरुक्क पार्ने र सिध्याउने गरी मन्त्रीको फरमान जारी भएको छ । ऊर्जा क्षेत्रमा सौर्य ऊर्जाको अफ्नै विशिष्ट भूमिका छ । प्राधिकरणले अहिले पनि दिउँसोको समयमा पश्चिम क्षेत्रमा बिजुली आयात गरिरहेको छ, भारतबाट । भारतले त्यो बिजुली पानी वा कोइला वा डिजेलबाट उत्पादन गरेर दिएको होइन ।

त्यो बिजुली सौर्यको हो । राति उत्पादन नहुने सौर्य ऊर्जा आयात गरी प्राधिकरणले पश्चिम क्षेत्रमा आपूर्ति गरिरहेको छ । हेटौंडा-बर्दघाट २२० केभी प्रसारण लाइन २ वटा टावर नबनेकाले माथिल्लो तामाकोसी, कालीगण्डकी ए लगायतका बिजुली नवलपरासीदेखि पश्चिम जहिँन । अहिले भारतीय सोलारले कर्णाली र सुदूर पश्चिमको माग धानेको छ । तर, पश्चिम क्षेत्रमा नेपालीलाई सौर्य ऊर्जा राख्न दिएको भए कम्तीमा आयात त गर्नुपर्दैनथ्यो ? सौर्य ऊर्जा भनेको घाम हो । त्यो घाम बिजुलीमा रुपान्तरित भएको हो । यसरी प्राधिरकरणले डलर तिरेर पश्चिम क्षेत्रमा घाम किनिरहेछ– प्रतियुनिट ५.९० भारु (नौ रुपैयाँ ४४ पैसा) मा । नेपालीले उत्पादन गर्ने प्रतियुनिट ७.४० पैसालाई खारेज गरेर ऊर्जामन्त्रीले भारतीय सोलार खरिद गर्दै आएकी छिन्, प्रतियुनिट २ रुपैयाँ ४ पैसा महँगोमा ।

नेपालमा पनि सौर्य ऊर्जा जंगलको इको सिस्टमजस्तै हो । बाढी पहिरो आएर जलविद्युत् प्रसारण लाइन अवरुद्ध भएका बेला सौर्य ऊर्जाको बिजुली अमृत समान हुन्छ । पहाडी भूभाग, मौसम परिवर्तनको चपेटमा परेको मुलुक, लम्बेतान वितरण लाइन भएको नेपालमा सौर्य ऊर्जा वैकल्पिक मात्र होइन आधारभूत ऊर्जा हो । यो अन्य निजी क्षेत्रले उत्पादन गर्न जलविद्युत् जस्तो पनि होइन । घाम लागेको बेला बत्ती दिन्छ । राति आफै निभ्छ ।

घाम लागेको बेला पिकिङको पानी जम्मा गर्ने, राति बिजुली उत्पादन गर्दा प्रणाली पनि बलियो हुन्छ । तर जंगलमा बाघलाई नै सखाप पारिदियो भने त्यसको असर घाँसमा समेत पर्न जान्छ, फुड चेन समाप्त हुन्छ । फुड चेन समाप्त हुने बित्तिकै अन्य जनावर तथा वनस्पति रहँदैन ।

त्यसैगरी सौर्य ऊर्जालाई नजरअन्दाज गर्नु ऊर्जामन्त्रीको मूर्खता हो, उनका सल्लाहकारहरुको अल्पज्ञान हो । फेरि सौर्य ऊर्जा सिध्याउने निर्णय बेला न कुबेला आएको छ, बेमौसमी बाजजस्तो । कहिले ९.९४, कहिले ८.४० त कहिले ७.४० अनि हुँदा हुँदा त्यो पनि बढी भयो भन्दै घटाएर घाँटी नै निमोठ्ने गरी कसैको सनकको भरमा यस्ता निर्णय भए ।

बब बाधोगको भूमिका

राज्यका हरेक निकायहरुमा तानाशाह, सनकी, दम्भी, अहंकारी र केपी ओलीजस्ता शासक जन्मेलान् भनेर नै नियामक निकाय स्थापना गरिएका हुन्छन् । विद्युत् क्षेत्रमा भुसालहरु जस्ताले गोलामाल निर्णय गरी सेक्टरलाई नै तहसनहस पार्लान् भनेर अमेरिकी मिलिनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) ले विद्युत् नियमन आयोगको स्थापनालाई एउटा अनिवार्य शर्तको रुपमा अघि सारेको थियो । आयोग स्थापना भई अस्तित्वमा रहँदा त यस्तो निर्णय गर्नेले आयोग नै नभएको भए अरु के कस्ता निर्णय गर्ये होला, सहज अनुमान गर्न सकिन्छ ।

ऊर्जा मन्त्रालय वा विद्युत् प्राधिकरणले गर्ने गल्ती र सनकका भरमा लादिएका निर्णय उल्टाइदिने अधिकार राख्ने निकाय हो आयोग । अब आयोगमा यो दम्भी निर्णय प्रस्तावको रुपमा पुगेको छ । आयोगले अहिलेसम्म यसलाई हेरेको छैन । सेक्टरको रेखदेखका लागि स्थापित आयोगले ऊर्जामन्त्रीको फरमान शिरोपर गऱ्यो भने यो निकाय स्थापनाको औचित्य नै छैन । नत्र किन आयोग चाहिराख्थ्यो र ?

आयोगलाई उसकै ऐन, नियमावली र कार्यविधिले दिएको असल मनसायको अधिकार प्रयोग गरी यो गलत निर्णयलाई सच्याउन सक्छ । तर आयोगका पदाधिकारीहरुमा के मानसिकता छ भने कुनै काम गरिदियो भने 'पैसा खाएर गऱ्यो' भनेर अरुले भनिदिन्छन् भन्ने पिरलो छ । ऐन, कानुन, नियमावली हेर्ने कि मान्छेका मुख ? हरेक फाइलामा यस्तो सोच राखेकै कारण आयोगका पदाधिकारीहरु कमजोर बन्न पुगेका हुन् र उनीहरु कुनै निर्णय गर्न नसकेका हुन् ।

यही निर्णय नगरेका कारण जनताका हजारौं फाइल रोकिएका थिए । सार्वजनिक गुनासो बढेको थियो । त्यही अफ्नो मान्छे भर्ती गराउने बहाना खोजिरहेकी ऊर्जा मन्त्रीलाई पनि बहाना बन्यो । निलम्बन गरिन् । अदालतले फर्कायो । अब आयोगका पदाधिकारीहरुले मन्त्री र प्राधिकरण हेर्ने होइन, ऐन र कानुन हेर्ने हो । त्यति हिम्मत भएन भने आयोगको अध्यक्ष हुँ, सदस्य हुँ भनेर फूर्ती लगाउनुको अर्थ छैन ।

आयोगका पदाधिकारीहरुले ऐनले दिएको जिम्मेवारी पूरा गरेको भए मुलुकको ऊर्जा क्षेत्र तहसनहस हुने थिएन । ६०१ मेगावाटको चिनियाँ बिजुलीलाई हेजिङ दिई दिई ल्याउन तयार, जाबो १६३ मेगावाटका स्वदेशी सौर्य ऊर्जालाई यत्रो अन्याय ? हेजिङवाला (यसको शुल्क डलरमा तिर्नुपर्ने भएकाले घुमाएर डलर पीपीए नै हो) मा ऊर्जा मन्त्रीको मौन समर्थन, अनि जडान गर्न लागिसकेका सौर्य ऊर्जामा यत्रो बक्र दृष्टि ? *-साभार: इकागज*

वित्तीय पहुँचको अभावले साना-मझौला उद्यम विकासमा अवरोध

काठमाडौं/साना मझौला उद्यम (एसएमइज)का लागि वित्तीय लगानीको कमीका कारण यसको अपेक्षित विस्तार हुन नसकेको विज्ञहरूले बताएका छन् ।

स्वीसकन्ट्याक्टको आयोजनामा सम्पन्न समावेशी आर्थिक विकासका लागि एसएमईजमा लगानीको गाँठो फुकाउनेसम्बन्धी अन्तर्क्रियामा सहभागी विज्ञहरूले बैंक तथा वित्तीय संस्थाहरूले एसएमईजलाई कम सेवा दिएको उल्लेख गरे ।

नेपालमा एसएमईज् क्षेत्रको अत्यन्त धीमा विस्तार भइरहेको सन्दर्भमा संरचनागत र परिस्थितिजन्य चुनौतीबारे छलफल गर्न कार्यक्रम आयोजना गरिएको थियो । एसएमइजहरूले कर्मचारीतन्त्र सिर्जित जटिल प्रक्रियाहरू, अत्याधिक नियमन, यथार्थ सूचनाको अभाव तथा चल/अचल सम्पत्ति धितो आवश्यकता प्रमुख अवरोध भएको चर्चा गर्दै कार्यक्रमका वक्ताहरूले यी समस्यालाई सम्बोधन गर्दै अवसरको उपयोगमार्फत् दिगो र समावेशी आर्थिक विस्तारका लागि एसएमइजमा लगानी बढाउनुपर्ने बताए ।

प्रतिष्ठित व्यक्तिहरू छलफल सत्रमा सहभागी थिए । स्वीस कन्ट्याक्टका अध्यक्ष थमस मेयर, स्वीजरल्याण्डको नेपालस्थित दूतावासकी उपप्रमुख सिल्भाना होग, मेगा बैंककी पूर्व सीईओ अनुपमा खुञ्जेली, सोसल टुर्सका संस्थापक राज ज्ञवाली, अभिनव ल चेम्बरका साझेदार सेमन दाहाल, डेलिस डेरीका संस्थापक सूर्य कार्की, अलियोकी संस्थापक सोनिका मानन्धर छलफल सत्रका वक्ता थिए । त्यस्तै, उक्त छलफल सत्रको सञ्चालन सञ्चारकर्मी शिवानी थापले गरेकी थिइन् ।

डेलिस डेरीका सूर्य कार्कीले आफ्नो अनुभव साट्दै वित्तीय संस्था र एसएमइबीच विश्वासको खाडल रहेको उल्लेख गरे । 'साना भझौला उद्यमीले वित्तीय सेवा प्राप्त गर्न कठिन हुनु नै यसको विरस्तारको सबैभन्दा ठूलो चुनौती हो,' उनले भने, 'सबै असहजतामात्र पनि छैन धैर्य र लगनशील भएर उद्यमहरू बाँच्न र अघि बढ्न सक्छन् ।'

लियोकी सोनिका मानन्धरले धितो बिना कर्जा प्राप्त नहुने र महिलासँग भौतिक सम्पत्तिमा स्वामित्व नहुँदा कर्जा लिन अझै समस्या भएको धारणा राखेकी थिइन् ।

मेगा बैंककी पूर्व सीइओ अनुपमा खुञ्जेलीले एसएमइज र वित्तीय संस्थाबीच सहकार्यका प्रशस्त अवसर भएको धारणा राख्दै वित्तीय संस्थाले एसएमइजका लागि उपयुक्त उपकरणहरू ल्याउनुपर्ने र उद्यमहरूले पनि विश्वासको वातावरण निर्माण गर्नुपर्नेमा जोड दिइन् । 'एसएमइजमा केन्द्रीत बैंकले सबैका लागि उपयुक्त सेवाको विकास गरेमा यो सबैका लागि अनुकुल हुन्छ,' उनले भनिन् । कानुनविद् सेमन्त दाहालले एसएमइजहरूमा कानुनी र नियामकीय व्यवस्था अनुपालन गर्ने क्षमताको अभावमा यस क्षेत्रको विस्तारमा अवरोध रहेको चर्चा गरे ।

एसएमइजका लागि अवरोध र अवसरका सम्बन्धमा बृहद् छलफलपछि स्वीसकन्ट्याक्टका अध्यक्ष थमस मेयरले एसएमइजको विस्तारका लागि सञ्चालन सम्बन्धी विशिष्ठतामा जोड दिए ।

उनले व्यवसायिक शिक्षा र तालिमले जनशक्तिको सीप विकासमा योगदान पुग्ने उल्लेख गरे । नेपालस्थित स्वीस नियोगकी उपप्रमुख सिल्भाना होगले समावेशी र दिगो आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने एसएमइजहरूको प्रवर्धनका लागि विकास साझेदारहरूले उठ्नेरकको भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा उद्यमी, लगानीकर्ता, नीति निर्माता तथा विभिन्न सरोकारवालाले सघन सहभागिता जनाउनुका साथै उक्त समूहमा सञ्जाल विस्तार गर्ने र सम्भावित साझेदारीबारे छलफल गर्ने अवसर प्राप्त गरेका थिए ।

स्वीसकन्ट्याक्टले कार्यक्रममा छलफलका क्रममा आएका समाधानका उपाय र अन्तर्राष्ट्रिय असल अभ्याससँग सम्बन्धित विषयवस्तुले आगामी दिनमा नेपालमा एसएमइजको विकासका लागि नयाँ मार्ग विकासको साझेदारीमा सहयोगी हुने उल्लेख गरेको छ । *-साभार: इकागज*

होटलमा प्लाष्टिकजन्य सामग्रीको प्रयोगमा रोक

काठमाडौं/होटल एशोसिएशन नेपाल (हान) का उपाध्यक्ष विनायक शाहले जलवायु परिवर्तनको असरलाई कम गर्न होटलमा प्लाष्टिकजन्य वस्तुको प्रयोग रोकेको बताएका छन् ।

शनिवार न्युज एजेन्सी नेपालसँगको कुराकानीमा उपाध्यक्ष शाहले यस्तो बताएका हुन् । हानले यही जेठ १८ गतेबाट होटलमा प्लाष्टिकजन्य वस्तुको प्रयोग बन्द गर्ने अभियान सञ्चलन गरेको थियो ।

जलवायु परिवर्तनमा सबैभन्दा धेरै असर प्लाष्टिकका कारण भएको भन्दै उनले प्रदूषण घटाउने, क्लाइमेट चेन्जको असरलाई कम गराउँदै जाने लक्ष्यका साथ यो अभियान थालेको बताए । उपाध्यक्ष शाहले जेठ १८ गतेबाट 'नो टू प्लाष्टिक' भन्ने नारासहित अभियान सञ्चालन गरेको बताए । उनले २०२४ सम्ममा होटलमा आउनेहरूलाई प्लाष्टिकजन्य वस्तु बेगर सेवा दिने काम सफल गर्ने लक्ष्य रहेको बताए ।

उनले भने, 'पहिलो कुरा जुन क्लाइमेट चेन्जको असर छ, त्यसमा प्लाष्टिकको रोल धेरै देखियो । त्यो धेरै लामो समयसम्म माटोमा बसिराख्ने । त्यसले गर्दा हाम्रो राज्यप्रति, जनता, समाजप्रति होटल क्षेत्रको जुन जिम्मेवारी हो । प्रदूषण घटाउने, क्लाइमेट चेन्जको असरलाई कम गराउँदै जाने, भएकोले कोभिडको २ वर्षमा राम्रो व्यापार हुन नसकेकाले के नयाँ गर्ने भनेर यसमा सोचेका थियौं । हामीले होटलका रुमहरूलाई प्लाष्टिक फ्रि गर्ने, होटलका रुमलाई प्लाष्टिकजन्य सामानहरूबाट नयाँ विकल्प ल्याउने भन्नेमा हामी अघि बढ्यौं । हामीले जेठ १८ गतेबाट नो टू प्लाष्टिक भन्ने नारासहित हामीले यो काम शुरु गरेका छौं । यसमा हामीले डिसेम्बर २४, २ वर्षभित्रमा हानका सदस्यहरुले यो नियम पालना गरेर होटलमा आउनेहरूलाई प्लाष्टिकजन्य वस्तु बेगर सेवा दिने भन्ने अभियान शुरु गरेका छौं ।'

उनले भने, 'प्लाष्टिक भन्दा प्राकृतिक कुराहरु केही मात्रामा महंगो हुन्छ तर होटलहरूका लागि सुख्वाती चरण हो यो । लड्ट्रममा फाइदा हुन्छ । शुरुमा ग्राहकलाई न्यूनतम हुने सम्म के गर्न सक्छौं त्यो गर्नेछौं । सामानहरु बजारमा उपलब्ध छ । सेवा क्षेत्र भएकोले गुणस्तर सर्वोपरि नै हुन्छ । प्लाष्टिक फ्रि सामानहरु पनि टेस्टेड, क्वालिटी सर्टिफिकेशन भएका हुन्छन् ।'

उपाध्यक्ष शाहले प्लाष्टिक भन्दा प्राकृतिक कुराहरु केही मात्रामा महंगो भएपनि यसले धेरै फाइदा गर्ने बताए । उनले ग्राहकलाई न्यूनतम हुने गरेर होटलका कोठामा प्राकृतिक कुराहरूको प्रयोगमा जोड दिने बताए ।

उनले प्लाष्टिक फ्रि सामानहरु पनि टेस्टेड, क्वालिटी सर्टिफिकेशन भएको हुने बताए । प्लाष्टिकजन्य पदार्थको अत्याधिक प्रयोगका कारण पर्यटकीय गन्तव्य तथा हिमाली क्षेत्रहरुमा जलवायु परिवर्तनको असर अत्याधिक बढेको छ । *-साभार: रातोपाटी*

हजयात्रीको शुल्क घटाउन गृहमन्त्रीसँग माग

काठमाडौं/गृहमन्त्री बालकृष्ण खाणलाई नेपाल मुस्लिम इत्तेहाद संगठनले मक्का मदिनामा जाने हजयात्रीको शुल्क घटाउन माग गर्दै शनिबार ज्ञापनपत्र बुझाएको छ ।

संगठनका अध्यक्ष सराज अहमद फारुकीको नेतृत्वमा गएको टोलीले मन्त्री खाणलाई भेटी हज गर्न जाने हजयात्रीका लागि तोकिएको शुल्क घटाउन माग गर्दै ज्ञापनपत्र बुझाएको संगठनका सचिव हलिम साहले जानकारी दिए ।

सरकारले साउदी अरबको मक्का मदिनामा हज गर्ने जाने हजयात्रीका लागि विगतभन्दा दोब्बर शुल्क तोकेको छ । यही जेठ १५ गते नेपाल हज कमिटीले सूचना जारी गर्दै मक्कामदिना जानका लागि हजयात्रीबाट चार लाख ६६ हजार ३९२ तोकिएकामा २०७६ सालमा दुई लाख २५ हजार शुल्क तोकिएको जनाएको छ ।

संगठनका सचिव साहले मुस्लिम समुदायको आर्थिक अवस्था कमजोर हुँदा अहिले तोकिएको शुल्क तिरेर जाने अवस्था नरहेको हुँदा शुल्क घटाउन माग गरिएको बताए ज्ञापनपत्र बुझ्दै मन्त्री खाणले शुल्क घटाउने प्रतिबद्धता व्यक्त गरे ।

ज्ञापनपत्रमा विगतका वर्षमा झैं यसपटक पनि हज गर्न जाने यात्रीलाई आर्थिक अनुदान दिनुपर्ने, हजयात्रीलाई पैसा जम्मा गर्ने समयावधि जेठ ३० गतेसम्म राख्नुपर्ने, आर्थिक

वर्ष २०७६/७७ मा हज गर्न जान भनी फारम भरी रकम जम्मा गरेका हजयात्रीलाई पहिलो प्राथमिकता दिनुपर्ने सचिव साहले जानकारी दिए ।

आगामी असार ७ गते हजयात्री हज गर्नका लागि मक्कामदिनामा जाने तयारीमा छन् । कोरोना भाइरसका कारणले २०७७/७८ सालमा हज गर्न बन्द गरिएको थियो । नेपालका लागि हजयात्रीका लागि एक हजार ५०० जनाको कोटा भए पनि कोरोना भाइरसका कारण ५५४ जनालाई मात्र सरकारले लैजाने भएको छ । नेपालबाट विसं २०२१ सालदेखि नै हज गर्नका लागि मुस्लिम समुदायका मानिस मक्कामदिना जाने गरेका थिए । सुख्वातीका बेला भारतको मुम्बईबाट समुद्रसहत हुँदै हजयात्री मक्कामदिना गरिएकामा विसं २०४७ सालदेखि हवाई मार्ग हुँदै गरिएको हो । पवित्र तीर्थस्थलका रुपमा रहेको मक्कामदिनामा विश्वभरका मुस्लिम समुदाय हज गर्ने गर्दछन् । मक्कामदिनामा गएर नमाज पढेर कुर्बानी दिए विगतमा गरिएका पाप कट्ने धार्मिक विश्वास रहेको छ । -साभार: अनलाइनखबर



काठमाडौंका मेयर बालेन प्रचण्डलाई भेट्दै: काठमाडौं महानगरका मेयर बालेन्द्र (बालेन) शाहले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई भेटेका छन् । उनी प्रचण्डसँग भेटघाटका लागि शनिबार विहान प्रचण्डनिवास खुमलटार पुगेका थिए । भेटमा प्रचण्डले बालेनलाई बधाई दिए । त्यस्तै, जनताली केन्द्रमा राखेर काम गर्न पनि सुझाव दिएका छन् । दुवैले भेटमा एकअर्काको प्रशंसा गरेका थिए । मेयर साहले आफूले गठबन्धनबाट र माओवादी केन्द्रबाट पनि सहयोगको अपेक्षा गरेको बताएका थिए । यसअघि साहले केही दिनअघि मात्र प्रधानमन्त्री शेरबहादुर देउवालाई भेट गरेका थिए । त्यहाँमन्दा अगाडि मेयर पदका लागि मत गणना भइरहँदा उनी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न बालकोट पुगेका थिए । *-साभार: फरकधार*

अनि स्वस्तिमालाई "पुष्पा" भनेर बोलाइयो

काठमाडौं/'महिला चरित्र चित्रण बहुआयामिक किन देखिँदैन ? प्रमुख भूमिकामै देखिएकी अभिनेत्रीको अभिनय एउटै पर्दामा देखिएका अभिनेताको भन्दा फरक नदेखिनुको कारण के हो ? स्वर परिवर्तन गरेर विपिन कार्की 'भस्मे डन' बने, सौगात मल्ल 'हाकु काले' । के महिला कलाकार अभिनयमा विविधता देखाउन नसक्ने हुन् त ?'

स्वस्तिमा खड्कालाई लाग्छ, फरक भूमिकामा अभिनेत्रीलाई विश्वास नगर्दा फिल्म क्षेत्रको इतिहासमा महिला चरित्र चित्रणमा खासै विविधता नदेखिएको हो । 'हिरोइन आँखामा बिझाउने हुनुहुँदैन' भन्ने न्यारेटिभ्सभित्र हुकिएको फिल्म क्षेत्रले महिलालाई फरक चरित्र चित्रणमा प्रयोग गर्न नचाहनु विडम्बना हो ।

'अभिनेत्री बोल्दा पनि चट्ट देखिनुपर्‍यो । सबै मिलेको, प्रोपर म्यानरिजम देखिनुपर्यो । कन्टेन्टमा आधारित फिल्ममा पनि एउटी अभिनेत्री प्रोपर नै हुनुपर्योत,' फिल्म क्षेत्रले नजरअन्दाज गरेको विषयमाथि स्वस्तिमाले तर्क राखिन्, 'फरक आनीबानी(म्यानरिजम) मा हामीलाई स्वीकारिँदैनन् । किन ? किनकि हामी हिरोइन हौं ।'

स्वस्तिमाले 'चिसो मान्छे'मा केही मिहीन हाउभाउलाई चरित्रमा समेट्ने प्रयास पनि गरिन् । निर्देशक वा निर्माण पक्षले नै त्यो प्रयासमाथि प्रश्न गर्लान् भन्ने डर उनको मनमा नभएको होइन । तर, राम्रो कुरा कसलाई मन पर्दैन र ? उनले कसैलाई भन्दै नभनी अँगालेका चरित्रका केही आनीबानीमाथि आखिर निर्देशकले नै लालमोहर लगाइदिए ।

त्यसको उदाहरण दिँदै गर्दा स्वस्तिमाको अनुहारमा छुट्टै चमक थियो । 'पात्रको चरित्र निर्माणका क्रममा सो पात्रले आँखा 'फिम्मिक्क फिम्मिक्क' गर्छ भन्ने मलाई लाग्यो । मैले कसैलाई केही नभनी सुटिङको सुरुआतदेखि नै त्यसलाई प्रयोग गर्न थालें,' उनले भनिन्, 'कोही व्यक्ति हिँड्दा खुट्टा खुम्च्याउँदै हिँड्छन्, कोही बोल्दै गर्दा आँखा फिम्मिक्क गर्लान् । फरक व्यक्तित्व झल्काउने त्यही बानी सौन्दर्य हुनसक्छ । तर,

त्यो सौन्दर्य अभिनयमा देखाउन दिइँदैन । सुरुमा 'हुन्छ' भने पनि पछि दर्शकले स्विकार्दैनन् भन्दै निर्देशकहरु पन्छिएको मैले थुप्रै पटक अनुभव गरिसकें । त्यसैले 'चिसो मान्छे'मा पात्रले बोल्दा आँखा फिम्या उने बानी निर्देशक दीपेन्द्र के खनालबाट लुकाएँ ।'

अन्य निर्देशकले झैं दीपेन्द्र के खनालले पनि हुँदैन भनिदिन्छन् कि भन्ने डर थियो । 'याद गरेर नगर भन्नु नै भछ्रु भने पनि म गर्छु भन्ने सोचले त्यसलाई निरन्तरता दिएँ,' उनले चरित्र निर्माणको समय सम्झिँदै भनिन् । घरमा अभ्यास गर्ने क्रममा ऐनामा हेर्दै डायलग बोल्दै आँखा झिम्मिक्क गर्दा बनावटी नदेखिएकै कारण उनले त्यसलाई अँगाल्ने निधो गरेको बताइन् ।

चिसो मान्छे- त्रिभुवन विमानस्थलबाट श्रीमान्को शव बोकेर बाजुरा पुग्ने पात्रको कथामा बनेको फिल्म हो । विमानस्थलमा पहिलो दृश्यको छायांकन गर्दा डराउँदै-डराउँदै आँखा झिम्मिक्क-फिम्मिक्क गरेर सट दिइन् ।

निर्देशकले 'आँखा किन फिम्काएको ?' भनेर प्रश्न गर्लान् भन्ने उनको मनमा डर थियो । तर त्यहाँ नकारात्मक प्रतिक्रिया आएन । त्यसपछि अर्को दृश्य छायांकन गर्न टोली पुग्यो मलेखु । त्यहाँ छायांकन सकिएपछि भने कलाकारसँग छलफल गर्ने क्रममा निर्देशक दीपेन्द्रले फ्याट्ट भनिदिए, 'स्वस्तिमा तिमीले बेलाबेलामा आँखा झिमझिम गरिरहेको एकदम राम्रो भइरहेको छ । त्यसलाई निरन्तरता दिनु है ।' त्यसपछि भने आफूलाई निकै राहत महसुस भएको स्वस्तिमाले बताइन् ।

'सती त अहिले पनि त जदैं त छौं' भन्ने संवाद बोल्नुपर्ने फिल्मको अर्को महत्त्वपूर्ण दृश्यमा पनि उनले यस्तै चलाखी गरेको सुनाइन् । उक्त दृश्यमा निर्देश दीपेन्द्र स्वस्तिमाको आँखाबाट आँसु नै झरोस् भन्ने चाहन्थे । तर उनले आँसुं आउँदै नआएको बहाना गरेर केवल अवरुद्ध गलामा सट दिइन् । 'कहिलेकाहीं कसैसँग चित्त दुख्दा आँसु आउँदैन तर, गला अवरुद्ध हुन्छ नि । मैले निर्देशकलाई आँसु आउँदै आएन भनेर टारें । अनि आँखाभरि आँसु राखेर स्वरमा काम गरें,' स्वस्तिमाले भनिन् । 'तपाईंलाई कस्तो चरित्रमा अभिनय गर्ने मन छ ?' भन्ने प्रश्न कसैले गरे स्वस्तिमाको एउटै जवाफ हुन्थ्यो- 'सुदूरपश्चिमेली' । यो उनकै दाबी हो । सुदूरको भाषा र रहनसनले आफूलाई पहिलेदेखि नै आकर्षित गरेको उनको अर्को दाबी हो । हुन त उनका पति निश्चल जुम्लाका हुन् । प्रदेशको हिसाबमा जुम्ला कर्णालीमा परे पनि त्यहाँ सुदूरका गुण भेटिन्छ । दुईपटक उनी पनि जुम्ला पुगेकी छिन् ।

'कहिलेकाहीं सासूआमा सुदूरपश्चिमेली लवजमा बोल्ने । जुम्लातिरबाट कोही पाहुना आए उनीहरूका भाषा बुझ्न हम्मेहम्मे नै पर्थ्यो,' उनले भनिन्, 'त्यसैले पनि मलाई त्यो नौलोपनले आकर्षित गर्थ्यो ।' नभन्दै एकदिन निर्देशक दीपेन्द्रले सुदूरपश्चिमको कथा बोकेको फिल्म अफर गर्दा स्वस्तिमाको खुसी र ऊर्जा दोब्बर भयो । छायांकनअघि रुदीपेन्द्रले उनको चरित्रबारे ब्रिफिङ गरे । उनले बझाङ-बाजुरातिरका डकुमेन्ट्री हेर्न थालिन् ।

निर्माण टोलीले भाषाको कक्षा दिन शिक्षक नै राखे । सुदूरपश्चिमको बोलीमा पातलो 'स'को प्रयोग खासै हुँदैन भन्ने कुरालाई ध्यानमा राखेर कक्षामा उनले मोटो 'श'को प्रयोग गरेर संवाद बोल्ने प्रयास सुरु गरिन् । छोटो समयमै स्वस्तिमाले बाजुराको लवजमाथि पकड बनाएको देख्दा शिक्षक खुसी भए । भाषाको कक्षा एक हप्तासम्म चल्यो ।

त्यसैबीच निर्माण टिम 'लोकेसन हन्टिङ'का लागि बाजुरा जाने भयो । बाजुरालाई नजिकैबाट नियालेर चरित्र निर्माण गर्न चाहन्थिन् स्वस्तिमा । सुदूरका मानिसलाई काठमाडौंबाटै हेर्नु र त्यहीं पुगेर नियाल्नुमा फरक हुन्छ भन्ने उनलाई लागेको थियो । त्यसैले निर्माण टोलीसँग उनी बाजुरा निस्किइन् । एक हप्ताको बसाईमा त्यहाँका मानिसहरुसँग घुलमिलबाट आफ्नो चरित्र निर्माणको यात्रालाई तय गरेको उनले बताइन् । चरित्र निर्माण प्रक्रियामा उक्त पात्र कस्तो देखिन्छ भन्ने कुरामा ध्यान दिइन् । स्वस्तिमालाई बाजुराकै महिलाहरूले लगाउने लुगा पहिरेर आफ्नो पात्रलाई सजीव बनाउन मन भयो । हुन त निर्देशक दीपेन्द्रले गरेको ब्रिफिङले उनको दिमागमा पात्रको एउटा खाका त तयार भइसकेकै थियो । त्यहाँ महिलाहरूसँग कपडा बटुलेर पहिरिइन् । जुन घरमा सुटिङ गर्ने फाइनल भएको थियो त्यहीं उनले गाउँका महिलालाई जम्मा गरेर लुगा, चुरा लगाउन सुरु गरिन् । कपालमा लगाउने सानो क्लिपसम्म पनि उनीहरूसँगै मागिन् ।

चरित्रलाई सक्दो विश्वासिलो बनाउन त्यस्ता स-साना कुरामा ध्यानदिनुपर्छ भन्ने बुझेरै आफूले नाकमा लगाउने बुलाकी पनि त्यहीं बनाउन लगाइन् । 'मलाई पात्रले क्यालिभर जुत्ता (आर्मी रङ) लगाउँछु भन्ने परेको थियो । बजारमा घुइँचुइँ जुत्ता खोजें, कतै मनले खाने भेटाउन सकिनँ । स्थानीयको सहयोगपछि एउटा घरमा खोजेको जस्तै दुई जोर जुत्ता भेटियो । एक जोडी जुत्ता खुट्टामा मिल्यो । त्यही जुत्ता लगाउने निधो गरें,' उनले भनिन्, 'त्यसमा एउटा झोला र कालो छाता थयें । त्याताका मानिस काठमाडौं आउँदा अन्जानवस नै मैले त्यो पनि नियालेकी रहेछु । त्यो परिवेशअनुसार सही पनि थियो । निर्देशकले कालो छाता र झोला चाहिन्छ र भनेर सोध्नु पनि भयो । मैले चाहिन्छ भनेरै जिद्दी गरें ।'

फिल्ममा स्वस्तिमाले निभाएको चरित्रको कुनै नाम नै राखिएको छैन । कथामा त्यसलाई आवश्यक नै ठानिएको थिएन । तर, बाजुरामा पुग्दा उनैले आफ्नो चरित्रका लागि नाम भेटिन् । पहिरन, चुरा, क्लिप, बुलाकी अनि जुत्ता पहिरेपछि स्वस्तिमालाई आएका एकजना वृद्ध आमाले अनयासै भनिदिइन्- 'पुष्पा । मैले त पुष्पा आएझैं माने ।'

खासमा ती वृद्ध आमाको नातिनी पुष्पा सहर पसेपछि बाजुरा फर्केकै रहिनछिन् । स्वस्तिमालाई फिल्मको अन्तिम लुक्समा देखेकी ती आमाले मात्रै नभएर पूरै गाउँले आफूलाई 'पुष्पा' भन्दै बोलाउन थालेपछि उनले नामविहीन पात्रको न्वारन गरिदिइन्- 'पुष्पा' । त्यो नाम उनको आफ्नै लागि मात्रै हो । 'कथाले नाम नमागे पनि आफ्नै लागि त केही नाम चाहियो नि । सबैले पुष्पा भनेर बोलाउनु भएपछि मैले मेरो चरित्रको नाम पुष्पा राखें,' बाजुरामा पुग्दाको क्षण सम्झँदै स्वस्तिमाले भनिन्, 'उहाँहरूले बोलेको कुरा सबै बुझें पनि सबैको जवाफ फर्काउन सक्दिन थिएँ । तर, त्याताकै लवज र भाषामा बोलिदिंदा सबैले यो त यहाँकै छरीटा हो भन्नुहुन्थ्यो ।'

बाजुराबाटै पहिरन तयार पारेर टिम काठमाडौंबाट छायांकन गर्न निस्कियो । फिल्मभरि स्वस्तिमा एउटै लुगामा देखिन्छिन् । स्वस्तिमाले चरित्र निर्माणका लागि गरेको मिहिनेतले आफू छक्कै परेको निर्देशक दीपेन्द्रले बताए । 'स्टार अभिनेत्री भएर पनि चरित्रका लागि यस्तो कुरालाई सहजै स्विकार्दा खुसी लाग्यो,' दीपेन्द्रले स्वास्तिमाको तारिफ गर्दै भने ।

स्वस्तिमा भने कलाकारले चरित्रका लागि गर्ने यस्तो मिहिनेत ठूलो कुरा नभएको तर्क गर्छिन् । तर उनको भोगाइमा भने धेरैपटक त्यही गर्न खोज्दा त्यसलाई आवश्यक नै ठानिएन । 'चरित्रको पहिरनलाई आत्मसात गर्दा धेरैले त्यस्तो लुगा पनि लगाउनुभयो है भने । तर त्यो हाम्रो महानता होइन । हामीले गर्नुपर्ने नै त्यही हो जुन धेरै अवसरमा गर्दैनौं वा पाइँदैन । त्यो प्रक्रियाबाट जान नै दिइँदैन,' उनले भनिन्, 'कलाकारको हिसाबले म यस्तै गर्न चाहन्छु ।'

-साभार: इकान्तिपुर

डिजिटल भुक्तानी सरकारको प्राथमिकतामा : मन्त्री कार्की

काठमाडौं/नेपाल सरकारका प्रवक्ता तथा सूचना तथा सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले डिजिटल भुक्तानी सरकारको प्राथमिकतामा रहेको बताएका छन् ।

साथै, सरकारले यसलाई बढावा दिँदै आएको पनि उनले बताए । राजधानीमा आयोजित दोस्रो चरणको 'फोन पे डिजिटल इकोनोमी कन्क्लेभ २०२२' लाई सम्बोधन गर्दै मन्त्री कार्कीले यस्तो बताएका हुन् ।

यस कार्यक्रमबाट आउने निष्कर्षलाई सरकारले दस्तावेज गर्दै नीति निर्माणमा समेत समेट्ने मन्त्री कार्कीको भनाइ थियो । यसका साथै यस कार्यक्रमले डिजिटल नेपाल फ्रेमवर्क कार्यक्रममा समेत सघाउन पुग्ने उनले बताए ।

मैले यो मन्त्रालयको जिम्मेवारी लिएपछि यस्ता धेरै कार्यक्रममा सहभागी भएको छ । यस कार्यक्रम सम्बन्धमा अहिले जुन किसिमको उत्साह छ । यो कार्यक्रम अवधिभर मात्र नभएर सधैं भरी कायम गर्नुपर्छ,' उनले भने ।

यस्तै, सुचना प्रविधिको विकास विना मुलुकको विकास समेत असम्भव भएको बताउँदै उनले सूचना प्रविधिमा समाजका सबै तप्कालाई सँगै लिएर जानुपर्ने बताए ।

यस्तै, दूर दराजका क्षेत्रमा समेत सूचना प्रविधि पहुँच पुर्याउन सरकारले सहयोग गर्ने बताए । यस्तै, सूचना प्रविधिको पहुँच सबै नागरिकमा पुर्याउन पनि सरकारले इन्टरनेटको शूल्क घटाएको मन्त्री कार्कीको भनाइ थियो ।

-साभार: रातोपाटी

पालिकासँग मउवा संघको १२ बुँदे सहकार्य प्रस्ताव

साझाकुरा संवाददाता

हेटौंडा २१, जेठ/ मकवानपुर उद्योग वाणिज्य संघले हेटौंडा उपमहानगर, थाहा नगरसहित ८ वटै गाउँपालिकासँग १२ बुँदे सहकार्य प्रस्ताव राखेको छ ।

शनिबार नवनिर्वाचित जनप्रतिनिधिहरुलाई स्वागत तथा बधाई ज्ञापन गर्दै मउवा संघले सहकार्यको प्रस्ताव राखेको हो । नेपालकै कतिपय सहरहरु भन्दा हाम्रो जिल्लामा पूर्वाधार तथा उपयुक्त वातावरण तयार गर्नुनै हाम्रो आवश्यक्ता रहेको औंल्याउँदै मउवा संघले विकासमा सहकार्य गर्न खोजेको हो ।

व्यवस्थित, सुविधा सम्पन्न, प्रविधियुक्त र मानवीय मूल्य मान्यताका लागि दिगो विकासको लक्ष्यका लागि सहकार्य गरेर काम गर्न चाहेको मउवा संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले बताएका छन् । संघले चौकीटोलदेखि राप्तीपुलसम्म खोलाको किनारैंकिनार बाइपास सडकको ट्रयाक निर्माण, हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई खानेपानी व्यवस्थापन गर्न आर्थिक सहयोग, राप्ती पुलको नजिक सवदाह स्थानमा प्रतिक्षालय निर्माण, विभिन्न २१ वटा संघसंस्थाको सहकार्यमा कोभिड हेल्प डेस्क मकवानपुर गठन गरी कभिड संक्रमितहरुलाई घरदैलो सेवा, नि:शुल्क अक्सिजन वितरण, पल्पसा आइसोलेशन संचालन तथा कोभिड संक्रमितलाई नि:शुल्क उपचार, खाना तथा बासको व्यवस्था जस्ता समाजको हितको लागि काम गर्दै आएकोले आगामी दिनमा पनि स्थानीय तह्हरुसँग सहकार्य गरेर काम गर्न चाहेको जनाएको छ ।

मउवा संघले हेटौंडाको पार्किङदेखि अन्य पालिकाहरुसँग १२ बुँदामा सहकार्य खोजेको हो । अव्यवस्थित पार्किंड भएका स्थानमा व्यवस्थित पार्किंड गर्न, बजारको सडकको दायाँबायाँ एकतर्फी पार्किंडको व्यवस्थासहित हेटौंडामा व्यवस्थित पार्किंडका लागि, आवश्यक स्थानहरुमा पैदल मार्ग तथा मोबाइल शौचालय तथा स्थायी रुपमा सार्वजनिक शौचलाय निर्माण, होटल तथा पर्यटन व्यवसाय रात्रीकालिन समयमा पनि निर्वाद खुल्ला गरेर काम गर्न, व्यवसाय कर, विज्ञापन कर, निकासी कर लगायत अन्य कर तथा घरभाडा संकलनमा यस संघसंग सार्वजनिक निजी साझेदारी (पिपिपि) अवधारणा अनुरुप सहकार्य गर्न संघले प्रस्ताव राखेको हो ।

यसैगरी हेटौंडा, थाहा, मनहरी, भीमफेदीलगायत सहर उन्मुख बजारहरुका नाकाहरुमा सिसिटिभीको व्यवस्था गर्न, हेटौंडा तथा मनहरी बजारमा आकासे पुल, हेटौंडाको मुख्यचोकहरुमा ट्राफिक लाईटको व्यवस्था, कृषि, प्रविधि, पर्यटनजस्ता क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न, मयुरधापको विस्तारित औद्योगिक क्षेत्र तत्काल संचालनको लागि पहल गर्न, २५ भिटर सडक विस्तारको समस्या समाधानको लागि पहल गर्न, स्थानीय तहका पर्यटकीय गन्तव्यहरुको एकीकृत सूचना केन्द्र मउवासंघमा स्थापना गर्न, जिल्लाको ग्रामिण कृषि उपजको बजारिकणको लागि पालिकाहरुको सहयोगमा कृषि उपज केन्द्र स्थापना गर्न संघले प्रस्ताव अघि बढाएको हो ।

कामधेनुद्वारा नयाँ जनप्रतिनिधिको स्वागत

साझाकुरा संवाददाता

हेटौंडा २१, जेठ/ कामधेनु बहुउद्धेश्यीय सहकारी संस्थाले हेटौंडाको ६ र १७ नम्बर वडाका नवनिर्वाचित जनप्रतिनिधिलाई स्वागत तथा बधाई ज्ञापन गरेको छ ।

हेटौंडा-६, चुच्चेखोलामा रहेको संस्थाले शनिवार नवनिर्वाचित वडा अध्यक्ष र वडा सदस्यहरुलाई स्वागत तथा सम्मान गरेको हो । ६ नम्बर वडाका वडा अध्यक्ष विष्णुबहादुर दाहाल तथा १७ नम्बर वडाका वडा अध्यक्ष उद्धव सत्याललाई बधाई ज्ञापन गरिएको हो ।

दुवै वडाअध्यक्षले पाँच वर्षसम्म निरन्तर जनताको काममा खटिंने प्रतिबद्धता व्यक्त गरेका छन् । उनीहरुले सहकारीको माध्यमबाट अत्पादनमा जोडिँदै आर्थिक आयआर्जनका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए । संस्थाले कार्यकाल सफलताको शुभकामना दिएको थियो । संस्थाले हेटौंडा-६ का वडा सदस्य लेखराज ढकाल, विजय पैंडेल, सरिता सापकोटा, मुना विश्वकर्मालाई समेत सम्मान गरेको छ ।

हेटौंडा-१७ का वडा सदस्य नवराज न्यौपाने, कृष्ण अधिकारी र उर्मिला चुनारालाई स्वागत तथा बधाई ज्ञापन गरिएको छ । संस्थाका अध्यक्ष उदय विडारीको सभाध्यक्षतामा भएको कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष बासुदेव सापकोटा, जनकल्याण सहकारीका अध्यक्ष हिमाल पौडेल, सल्लाहकार गौरबकुमार पराजुली, चुच्चेखोला सामुदायिक वन बचत तथा ऋण सहकारीका उपाध्यक्ष अर्जुन प्रसाद देवकोटालगायतको अतिथ्यता थियो ।

वर्षाले मैदान जलमग्न भएपछि खेल स्थगित

साझाकुरा संवाददाता

हेटौंडा २१, जेठ/ हेटौंडा उपमहानगरपालिका-५ स्थित क्याम्पा रंगशालामा शनिवार दिउसो परेको वर्षाले जारी मकवानपुर गोल्डकप प्रभावित बनेको छ ।

वर्षाले क्याम्पा रंगशाला जलमग्न भएपछि शनिवारको खेल स्थगित भएको हो । गोल्डकपको तेस्रो खेलमा विभागीय टोली एपीएफ र फ्रेण्डस क्लबबीच दिउसो ४ बजेका लागि खेल तय थियो ।

तर, दिउसोदेखि निरन्तर परेको वर्षाले मैदानमा पानी जमेपछि आयोजकले खेल स्थगित गर्नुपरेको थियो । उक्त खेल आज बिहान साढे ८ बजे खेलाइने प्रतियोगिताका संयोजक प्रताव विष्टले जानकारी दिएका छन् । खेल मैदानमा पानी जमेर खेल्न सक्ने अवस्था नभएपछि आज बिहानलाई खेल खेलाइने भएको संयोजक विष्टले बताए ।

एपीएफ र फ्रेण्डस क्लबबीचको विजेता अन्तिम आठमा प्रवेश गर्नेछ । विजेता टोलीले सेमिफाइनल प्रवेशका लागि साविक विजेता त्रिभुवन आर्मी क्लबसंग भिड्ने छ । मकवानपुर फुटबल संघको आयोजनामा स्थानीय तह शहिद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप प्रतियोगिता- २०७९ जारी छ । आज आइतबार दुई खेल हुनेछन् । बिहान विभागीय टोली एपीएफ र फ्रेण्डस क्लब भिड्ने छन् भने दिउसो ४ बजे विभागीय टोली नेपाल पुलिस क्लब र खुमलटार क्लबबीच हुने आयोजकले जानकारी दिएको छ ।

प्रतियोगितामा १२ वटा क्लबको सहभागिता छ । प्रतियोगिताको विजेताले १५ लाख नगदसहित ट्रफि र उपविजेताले १० लाख रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगिताको उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, फरवार्ड, सर्वाधिक गोलकर्ता तथा उत्कृष्ट प्रशिक्षकलाई जनही २५ हजार रुपैयाँ तथा प्रत्येक खेलको म्यान अफ दी म्याचलाई नगद १० हजार रुपैयाँसहित ट्रफी प्रदान गरिन्छ । यस्तै प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडलाई बुलेट मोटरसाइकल प्रदान गरिने प्रतियोगिता संयोजक बिष्टले जानकारी दिए ।

बालबालिकामाथि हुने हिंसा गर्न छलफल

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ बालबालिकामाथि हुने हिंसा, बालश्रम, यौन शोषण, बालविवाह जस्ता विकृतिहरुको न्युनिकरण गर्न रेष्ट अल्मुनाई सदस्यहरुले छलफल गरेका छन् ।

महिला तथा बालबालिका सरोकार केन्द्र मकवानपुरको आयोजनामा शनिबार रेष्टमा आबद्ध किशोरीहरुलाई समाजमा बालबालिकामाथि हुने हिंसाको न्युनिकरणमा सक्रिय बनाउन भेटघाट कार्यक्रम भएको हो । छलफलबाट पाँचवटा पालिकामा किशोरीहरुको सञ्जाललाई सक्रिय बनाउन १५ जना लिडर र सुचना अधिकारीको छनौट गरिएको छ । राक्सिराङ्ग गाउँपालिकामा मनिषा स्याङ्तान, शान्ति थिङ, भावना कार्की र मनहरी गाउँपालिकामा सृजना पौडेल, मानकुमारी कार्कीलाई बालबालिका तथा महिलाको समस्याकाबारे सम्बन्धित निकायमा पुऱ्याउन जिम्मेवारी प्रदान गरिएको छ । कैलाश गाउँपालिकामा रुपमा घिसिङ, निरु नेगी, हेटौंडा उपमहानगर पालिकामा सुस्मिता सुनार, गँगा वाईबा, शर्मिला घलान, बकैयामा अंशिका लामिछाने, रुपा बनियाँ, अञ्जली स्याङ्तानलाई जिम्मेवारी प्रदान गरिएको हो ।

भीमफेदी गाउँपालिकामा र मकवानपुरगढी गाउँपालिकामा भने रेष्टको कार्यक्रम अन्तिम चरणमा रहेकाले हेटौंडासँग गाभिएको छ । महिला तथा बालबालिका सरोकार केन्द्र मकवानपुरका अध्यक्ष सरु विकको सभाध्यक्षमा कार्यक्रम भएको हो ।

वक्तृत्वकलामा चौधरी प्रथम

साझाकुरा संवाददाता

हेटौंडा २१, जेठ/ वातावरण संरक्षणमा विद्यार्थी र समुदायको भूमिका विषयक हेटौंडामा भएको वक्तृत्वकला प्रतियोगितामा भुटन्देवी मविकी दिपेशकुमार चौधरी प्रथम भएका छन् ।

५० औं विश्व वातावरण दिवस तथा सामुदायिक वन उपभोक्ता महासंघको २७ औं स्थापना दिवसको अवसरमा वक्तृत्वकला भएको हो । बंशगोपाल मविकी रोजा सुवेदी द्वितीय, ज्ञानदा मविकी जिनुका यादव तृतीय र अरनिको मविकी जेनिसा अर्याल सान्त्वना भएका छन् ।

प्रथम हुने चौधरीले २ हजार, द्वितीय हुने सुवेदीले १ हजार ५ सय, तृतीय हुने यादवले १ हजार र सान्त्वता हुने अर्यालले ५ सय रुपैयाँ पुरस्कार पाएका थिए । उनीहरुलाई नगदसहित प्रमाण पत्र प्रदान गरिएको थियो ।

१३ वटा सामुदायिक विद्यालयका २६ जना विद्यार्थीहरुले प्रतियोगितामा सहभागिता जनाएका थिए । सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरको आयोजना र डिभिजन वन कार्यालय, मकवानपुरको सहयोगमा प्रतियेगिता गरिएको हो । प्रतियोगितामा सामुदायिक वन उपभोक्ता महासंघ, बागमती प्रदेशका सचिवालय सदस्य रामहरि चौलागाई, डिभिजन वन कार्यालयकी सहायक वन अधिकृत राधिका शर्मा र हेटौंडा उपमहानगर पालिका वातावरण शाखा प्रमुख शान्ति विक निर्णायक थिए ।

सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको सभाध्यक्षतामा भएको कार्यक्रममा डिभिजन वन कार्यालय, मकवानपुरका प्रमुख शिव सापकोटाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका कोषाध्यक्ष बलराम अधिकारी, स्थानीय महासंघ, हेटौंडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, भैरवडाडा सामुदायिक वनका अध्यक्ष उत्तम प्रसाद पौडेल लगायतको सहभागिता थियो ।

मुख्यमन्त्रीलाई बाल हेल्पलाइनको ध्यानाकर्षणपत्र

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/बाल हेल्पलाइन मकवानपुरले बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेलाई ध्यानाकर्षणपत्र बुझाएको छ । सातवटै प्रदेशका मुख्यमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाउने कार्यक्रमअन्तर्गत् बाल हेल्पलाइनले बागमती प्रदेशका मुख्यमन्त्री पाण्डेलाई पनि ध्यानाकर्षणपत्र बुझाएको हो ।

बाल हेल्पलाइन मकवानपुरका संयोजक झविन्द्र ज्ञवालीले प्रदेश सरकारको कानुन, नीति तथा कार्यक्रम बालमैत्री बनाउन दबाब दिने उद्देश्यले ध्यानाकर्षण गराइएको बताए । प्रदेश सरकारका नीति र कानुनहरुले बालबालिका राष्ट्रिय गौरव हुनु भन्ने धारणालाई स्वीकार गर्नुपर्ने ज्ञवालीको भनाई छ । मुख्यमन्त्रीलाई बुझाइएको ध्यानाकर्षणमा स्थानीय र प्रदेश सरकारसम्बन्धी १० बुँदे माग गरिएको छ । बाल अधिकारलाई मौलिक हकको रुपमा सुनिश्चित गर्ने नेपालको संविधान २०७२ का प्रावधानहरु एवम् बालबालिका सम्बन्धी ऐन २०७५ र नियमावली २०७८ ले तय गरेका कानुनी प्रावधानहरुको प्रभावकारी कार्यान्वयनका लागि माग गरिएको छ ।

बालअधिकार समिति, बालहेल्पलाइन १०९८ लगायतका संरचनागत प्रबन्धहरु अनुरुप आवश्यक नीति, कार्यविधि, कार्यक्रम र बजेटको व्यवस्था हुनुपर्ने ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

नेपाल सरकारले नीति, रणनीति, गृहयोजना, योजना, कार्यक्रम आदि मार्फत् विभिन्न समयमा जारी गरेका बालबालिकासम्बन्धी प्रतिबद्धताहरुको कार्यान्वयन हुनुपर्ने माग रहेको छ । दुर्व्यवहार, अभिभावकविहीन, हिंसा, दुर्व्यवहार, शोषण, बेचबिखन, बालविवाह, मानसिक समस्याको जोखिममा रहेका बालबालिकाको उचित संरक्षण, पुनर्स्थापना, विकास, सीप, शिक्षा र परिवारको जीविकोपार्जनका विषयलाई सम्बोधन गर्ने विशेष योजना र कार्यक्रम समावेश हुनुपर्ने ध्यानाकर्षणमा जनाइएको छ ।

बालबालिका तथा किशोरीमाथि भौतिकरुपमा वा विभिन्न अनलाइनमार्फत् हुने गरेका यौनजन्य शोषण र अपराधलाई सम्बोधन गर्नेगरी आवश्यक नीति एवम् एकीकृत बाल संरक्षण प्रणालीको विकास र क्रियाशीलताको व्यवस्थालगायतका विषयमा ध्यानाकर्षण गरिएको छ ।

विगत ५ वर्षदेखि बालबालिकाको क्षेत्रमा २ प्रतिशतमात्र बजेट विनियोजन हुँदै आएको भन्दै बालबालिकाको क्षेत्रमा १५ प्रतिशत बजेट विनियोजन हुनुपर्ने सिविनको माग रहेको ज्ञवालीले बताए । उनले जन्मदर्ता, नागरिकता, राष्ट्रिय परिचय-पत्र आदिबाट वञ्चित बालबालिकाको राज्य विहितानको अन्त्य गर्न र नागरिक परिचय-पत्रको प्रवन्धलाई सुनिश्चित गर्ने कार्यका लागि स्थानीय तहलाई आवश्यक सहयोग वा सहजीकरण गर्ने, हरेक बालबालिकाको नि:शुल्क स्वास्थ्य बीमा, गरीब तथा जेहेन्दार छात्र-छात्राको निम्ति छात्रवृत्ति, विद्यालय टाढा भएको अवस्थामा यातायातको व्यवस्थाका साथै हरेक बालबालिकाको लागि समान, गुणस्तरीय एवम् व्यवहारिक शिक्षाको व्यवस्था र बालबालिकालाई प्रत्यक्ष नकारात्मक प्रभाव पार्ने मदिरा तथा सूर्तिजन्य पदार्थको नियन्त्रण एवम् नियमन र लागूपदार्थ बेचबिखनमाथिको प्रतिबन्धलाई कडाइका साथ लागू गर्ने नीति तथा कार्यक्रम ल्याउन पनि माग गरिएको बताए ।

२२ जनाद्वारा रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ शनिबार हेटौंडामा २२ जनाले रक्तदान गरेका छन् ।

चौधडा बचत तथा ऋण सहकारी संस्था, भुवनेश्वरी सेवा केन्द्रको आयोजनतो तथा सिटिजन्स बैक लिमिटेड र प्रभु लाईफ ईन्सुरेन्सको प्रायोजनमा भएको कार्यक्रममा २२ जाले रक्तदान गरेका हुन् । तत्कालको रगत अभावलाई पुर्ति गर्न मनाव कल्याणको उद्देश्यले कार्यक्रम आयोजना गरिएको कार्यक्रम संयोजक पुष्पा कुमारी जोशीले जानकारि दिइन् ।

चौधडा बचत तथा ऋण सहकारीका अध्यक्ष विजय कुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

वन डढेलो नियन्त्रणसम्बन्धी बक्तृत्वकला प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/५० औं विश्व वातावरण दिवसको अवसरमा वन डढेलो नियन्त्रणमा सरोकारवालाहरुको भूमिका विषयक माध्यमिक विद्यालयस्तरीय बक्तृत्वकला प्रतियोगिता भएको छ ।

हेटौंडा-६ चौधडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूह र हेटौंडा उपमहानगरपालिका टोल विकास संस्था नगर समन्वय समितिको आयोजनामा बक्तृत्वकला प्रतियोगिता भएको हो । प्रतियोगितामा हेटौंडा-८ मा रहेको चन्द्रोदय मविकी प्रेरणा तामाङ प्रथम भएकी छन् ।

त्यसैगरि मकवानपुरगढी-२ मा रहेको चण्डिका मविकी प्रजिना विक दोस्रो र हेटौंडा-१७ मा रहेको राजदेवी मविकी प्रतिक्षा लम्सान तृतीय भएकी छन् । प्रतियोगितामा प्रथम हुनेले नगद ५ हजार, दोस्रोले ४ हजार, तेस्रोले ३ हजार प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगिताको निर्णायकमा सुनिल शिवाकोटी र नानीमाया स्म्बा रहेका थिए ।

हेटौंडा उपमहानगर पालिकाका मिनाकुमारी लामाको प्रमुख आतिथ्यता एवं समूहका अध्यक्ष विष्णु प्रसाद न्यौपानेको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा हेटौंडा वडा नम्बर ६ का वडा अध्यक्ष विष्णु बहादुर दाहाल, ६ नम्बर वडा सदस्यहरु विजय पौडेल, लेखराज ढकाल, सरिता सापकोटा, मुना विक, सामुदायि वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाई, वनमा उपाध्यक्ष केशव धित्ताल, कार्यालय सचिव भीमसेन पौडेल लगायतले मन्तव्य व्यक्त गरेका थिए । प्रतियोगितामा ८ विद्यालयका १५ विद्यार्थीहरुले सहभागिता जनाएका थिए ।

बालविवाह सामाजिक र कानूनी अपराध हो।

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

शिक्षक आवश्यकता

यस यातायात इङ्गलिस बोर्डिङ स्कूल हेटौंडा-१ चौकीटोलमा साईन्स र कम्प्युटर, इङ्गलिस विषय पढाउन शिक्षक तथा शिक्षिकाको आवश्यक परेको हुँदा ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्न हुन अनुरोध गारिन्छ ।

नोटः २ जना मात्र

सम्पर्क नं. : ९८४५१३५२६८ (प्रिन्सिपल)

जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

त्यसैले जैविक मल नै प्रयोग गरौं । स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं

सामुदायिक कृषि सहकारी संस्था लि.

पाइने स्थान:
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि

पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि मात्रा बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार १९ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको

३ महिना पूरा भएपछि बुस्टर खोप

लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा कोभिड - १९ विरुद्धको बुष्टर मात्रा खोप लगाउनुहोला ।



बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**. कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना